परिच्छेद–१

प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस ऐनको नाम "प्रतिलिपि अधिकार ऐन, २०२२" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो ऐन श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः–

(क) "रचना" भन्नाले–

(१) समग्र वा खण्ड खण्ड गरी मूल रूपमा वा अनुवाद गरी लेखिएको, छापिएको, लिथो गरिएको, टाइप गरिएको वा अन्य कुनै यान्त्रिक साधनद्वारा निकालिएको वा प्रसार गरिएको लेख, निबन्ध, कथा, कविता, उपन्यास, काव्य, खण्डकाव्य, वा अरू कुनै किसिमको गद्य, पद्य सम्बन्धी पुस्तक, पर्चा, विवरण पत्र वा त्यसको कुनै अंश, वा

(२) नाटक वा चलचित्र वा त्यसमा भएको कुनै वार्तालाप, दृश्यहरूको व्यवस्था वा अभिनयको तरीका वा त्यसको कुनै अंश, वा

(३) कुनै किसिमबाट बनाइएको, खोदिएको, खिचिएको चित्र, नक्सा, फोटो वा अन्य कुनै प्रकारको प्रत्यक्ष चित्रण वा कृति, वा त्यसको कुनै अंश, वा

(४) स्वरलिपि वा ध्वनि युक्त रेकर्ड वा त्यसको कुनै अंश, वा

(५) साहित्य, संगीत वा कला सम्बन्धी अन्य कुनै किसिमको कृति वा त्यसको कुनै अंशलाई सम्झनु पर्छ ।

(ख) "बेनामी रचना" भन्नाले रचयिताको नाम पत्ता नलागेको वा कल्पित नामबाट रचिएको रचना सम्झनु पर्छ ।

(ग) "रचयिता" भन्नाले–

(१) खण्ड (क) को उप-खण्ड (१) र (५) मा उल्लेख भएका रचनाको हकमा सो रचना मूल रूपमा लेख्ने वा तयार गर्ने व्यक्ति,

(२) खण्ड (क) को उप-खण्ड (२) र (४) मा उल्लेख भएका रचनाका हकमा सो रचना तैयार हुंदाको बखत त्यस उपर अधिकार हुने व्यक्ति, र

(३) खण्ड (क) को उप-खण्ड (३) मा उल्लेख भएको रचनाका हकमा सो रचना बनाउने, खोद्ने वा खिच्ने व्यक्ति सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) "प्रकाशन" भन्नाले–

(१) नाटक, चलचित्र वा अन्य कुनै किसिमको अभिनित रचनाको हकमा सो रचनाको अनुवाद वा रूपान्तर गरी वा नगरी सार्वजनिक रूपमा प्रदर्शन गरेको, बिक्री गरेको वा बहालमा दिएको, र

(२) अन्य कुनै रचनाको हकमा सो रचनाको अनुवाद वा रूपान्तर गरी वा नगरी सो रचना सार्वजनिक रूपमा बिक्री वितरण वा उपयोग गराइएको वा हुने गरी निकालिएको र अभिनयद्वारा प्रदर्शित हुन सक्ने अवस्थाको रचनाको हकमा सो रचनाको रूपान्तर वा अनुवाद गरी वा नगरी सार्वजनिक रूपमा प्रदर्शन गरिएकोलाई समेत सम्झनु पर्छ ।

(ङ) "रजिष्ट्रार" भन्नाले यो ऐन बमोजिम रजिष्ट्रारको काम गर्न श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकिदिएको अधिकारी सम्झनु पर्छ ।

(च) "समिति" भन्नाले दफा २६ अन्तर्गत स्थापना भएको समिति सम्झनु पर्छ ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिमको" भन्नाले यो ऐन अन्तर्गत बनेको नियम वा सूचनाद्वारा "तोकिएको वा तोकिए बमोजिमको" सम्झनु पर्छ ।

परिच्छेद- २

प्रतिलिपि अधिकारको धनी र निजको अधिकार

३. प्रतिलिपि अधिकारको प्राप्तिः– (१) उप-दफा (२) मा लेखिएका कुनै व्यक्तिले आफ्नो कुनै रचना दफा ६ बमोजिम दर्ता गराएमा सो रचनाका सम्बन्धमा निजलाई यस ऐन बमोजिमको प्रतिलिपि अधिकार प्राप्त हुनेछ ।

(२) कुनै रचनाको प्रतिलिपि अधिकार दर्ता गराउने अधिकार सो रचनाको रचयितालाई मात्र हुनेछ । तर देहायको अवस्थामा प्रतिलिपि अधिकार दर्ता गराउने अधिकार रचयितालाई नभई निम्नलिखित व्यक्तिलाई हुनेछः–

(क) रचयिताले कुनै किसिमबाट हक छाडिदिएको रचनाको हकमा सो हक प्राप्त गर्ने व्यक्ति,

(ख) रचयिताले आफ्नो रचना प्रयोग गर्न कसैलाई अधिकार दिएकोमा त्यस्तो अधिकार प्राप्त गर्ने व्यक्ति,

(ग) कसैले पारिश्रमिक दिई तैयार गराइएको रचनाका हकमा अन्यथा शर्त बन्देज रहेकोमा बाहेक त्यस्तो पारिश्रमिक दिने व्यक्ति,

(घ) कसैले रचयितालाई रचना तयार गर्न तलब दिई राखेको भए त्यस्तो

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तलब दिई काम गर्न निर्धारित गरिएको समयभित्र तयार भएको जुनसुकै किसिमको रचनाका हकमा त्यस्तो तलब दिने व्यक्ति, र

(ङ) कुनै बेनामी रचनाको हकमा सो रचनाको रचयिता यो हो भन्ने प्रमाणित नहुञ्जेल सो रचनाको प्रकाशक ।

४. प्रतिलिपि अधिकारको हस्तान्तरणः– दफा ३ बमोजिम कुनै प्रतिलिपि अधिकार दर्ता गराउन पाउने व्यक्तिले दफा ६ बमोजिम दर्ता गराउनु भन्दा अगावै वा दर्ता गरे पछि पनि आफ्नो अधिकार सबै वा केही अरूलाई हस्तान्तर गर्न वा शर्त बन्देज तोकी वा नतोकी प्रयोग गर्ने इजाजत दिन सक्नेछ ।

५. प्रतिलिपि अधिकार हस्तान्तर गर्दा सूचना दिनु पर्छः– (१) दफा ६ बमोजिम दर्ता भएको प्रतिलिपि अधिकार दफा ४ बमोजिम कसैले हस्तान्तरण गराई लिएकोमा वा प्रयोग गर्ने अधिकार पाएकोमा सो सम्बन्धी लिखतको एक प्रति साथ राखी तीन महीनाभित्र रजिष्ट्रार लाई लिखित सूचना गर्नुपर्छ ।

(२) उप-दफा (१) बमोजिमको प्रतिलिपि अधिकारको हस्तान्तरण सम्बन्धी कुनै सूचना प्राप्त भएमा रजिष्ट्रारले तोकिएको दस्तूर लिई साबिक दर्तावालाको नाम खारेज गरी हाल वालाको नाम दर्ता गर्नु पर्छ ।

(३) उप-दफा (२) बमोजिम दाखिल खारिज नभएको प्रतिलिपि अधिकारको हस्तान्तरण मान्य हुनेछैन ।

परिच्छेद-३

प्रतिलिपि अधिकारको दर्ता

६. प्रतिलिपि अधिकारको दर्ताः– (१) दफा ३ बमोजिम अधिकार प्राप्त व्यक्तिले कुनै रचनाको प्रतिलिपि अधिकार दर्ता गराउन चाहेमा आफ्नो सबूद प्रमाण सहित तोकिए बमोजिमका कुराहरू खुलाई तोकिएको दरखास्त दस्तूर सहित रजिष्ट्रारको अफिसमा दरखास्त दिनु पर्छ ।

(२) उप-दफा (१) बमोजिम कुनै प्रतिलिपि अधिकार दरखास्तवालाको नाममा दर्ता गर्नु हुने हो वा होइन भन्ने कुराको जांचबुझ गरी आवश्यक भए समितिको राय समेत ली दर्ता गर्न हुने देखिए तोकिए बमोजिमको दर्ता दस्तूर लिई दरखास्तवालाको नाममा सो प्रतिलिपि अधिकार दर्ता गरी त्यसको प्रमाणपत्र दिनु पर्छ सो प्रतिलिपि अधिकार दर्ता हुन नसक्ने भएमा सो कुरा खुलाई दरखास्तवालालाई लिखित सूचना दिनु पर्छ ।

७. दर्ता किताबः– (१) प्रतिलिपि अधिकार दर्ता गर्न रजिष्ट्रारको अफिसमा एउटा दर्ता किताब राखिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कुनै व्यक्तिले दर्ता किताबमा रहेको कुनै विषय वा त्यसको कुनै अंशको नक्कल लिन वा निरीक्षण गर्न चाहेमा तोकिए बमोजिमको दस्तूर तिरी निरीक्षण गर्न वा नक्कल लिन सक्नेछ ।

(३) तोकिए बमोजिमको शर्त बन्देजभित्र रही रजिष्ट्रारले दर्ता किताबमा लेखिएको कुनै नाम, ठेगाना वा विवरण वा यस्तै अन्य कुराहरू कंफियत जनाई सच्याउन सक्नेछ ।

परिच्छेद-४

प्रतिलिपि अधिकारको अवधि

८. प्रतिलिपि अधिकारको अवधिः– (१) दफा ६ बमोजिम दर्ता भएको कुनै रचनाको प्रतिलिपि अधिकार यस ऐनका अन्य दफाहरूको अधीनमा रही सो दर्ता गराउने व्यक्तिको जीवनभर र निजको मृत्यु भएको पचास वर्षसम्म कायम रहनेछ ।

तर– (क) दुई वा दुईभन्दा बढी व्यक्तिहरूको नाममा दर्ता भएको रचनाको हकमा निजहरू मध्ये पहिले मर्ने दर्तावालाको मृत्यु भएको पचास वर्षसम्म मात्र सो अधिकार कायम रहनेछ ।

(ख) बेनामी रचनाको हकमा त्यस्तो रचनाको प्रतिलिपि अधिकार सो रचना प्रकाशित भएको मितिले पचास वर्षसम्म मात्र कायम रहनेछ ।

(२) उप-दफा (१) को प्रतिबन्धात्मक वाक्यांश (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रकाशित भैसकेको बेनामी रचनाको रचयिता यो हो भन्ने पछि प्रमाणित हुन आई निजको नाममा प्रतिलिपि अधिकार दर्ता भएमा सो प्रतिलिपि अधिकार निजको जीवनकालभर र निजको मृत्यु भएको पचास वर्षसम्म कायम रहनेछ ।

९. रचयिताको मृत्यु पछि प्रकाशित रचनाको प्रतिलिपि अधिकारको अवधिः– दफा ८ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै रचनाको एउटै रचयिता भए निजको र दुई वा दुईभन्दा बढी रचयिता भए ती मध्ये कुनै एकको मृत्यु भए पछि प्रकाशित रचनाको हकमा सो रचना प्रकाशित भएको मितिले पचास वर्षसम्म प्रतिलिपि अधिकार कायम रहनेछ ।

स्पष्टीकरणः– यस दफाको प्रयोजनको लागि कुनै नाटक, संगीत, चलचित्र वा अन्य अभिनित रचनाहरू सर्वसाधारण जनतामा प्रदर्शन भै सकेको भए सो नाटक, संगीत, चलचित्र वा अन्य अभिनित रचना प्रदर्शन भएको मितिले सो रचना प्रकाशित भएको मितिको गणना गरिनेछ ।

परिच्छेद-५

प्रतिलिपि अधिकारको इजाजत-पत्र सम्बन्धी व्यवस्था

१०. प्रतिलिपि अधिकार प्राप्त व्यक्तिले इजाजत दिनेः– (१) दफा ६ बमोजिम कुनै प्रतिलिपि अधिकार दर्ता गराउने व्यक्तिले सो रचनाको सबै वा केही अंशको प्रतिलिपि प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्ने इजाजत दिएमा त्यस्तो इजाजत पाउने व्यक्तिले इजाजत पत्रमा पाएको शर्त बमोजिम मात्र त्यस्तो रचना प्रकाशित गर्न पाउंछ ।

(२) उप-दफा (१) बमोजिमको इजाजत पत्र दफा ८ वा दफा ९ मा लेखिए बमोजिम प्रतिलिपि कायम रहने अवधिसम्म बहाल रहनेछ ।

तर त्यस्तो कुनै इजाजत पत्र सो भन्दा कम अवधिको लागि दिइएको भए जति अवधिसम्मका लागि दिइएको हो उति अवधिसम्म मात्र बहाल रहनेछ ।

(३) कुनै प्रतिलिपि अधिकारका सम्बन्धमा उप-दफा (१) बमोजिम इजाजत-पत्र पाउने व्यक्ति सो प्रतिलिपि अधिकारको धनि मानिने छैन ।

११. रजिष्ट्रारले इजाजत दिनेः– (१) सर्वसाधारण जनतामा एक पटक प्रकाशित भै सकेको कुनै रचना सर्वसाधारण जनताको हितको लागि पुनः प्रकाशित गर्नु पर्ने भएमा र त्यस्तो रचनाको प्रतिलिपि अधिकार प्राप्त व्यक्तिले आफूले वा अरूद्वारा सो रचना दोहोऱ्याई प्रकाशित नगरेमा र अरू कसैले प्रकाशित गर्ने इजाजत माग्दा त्यस्तो इजाजत दिन इन्कार गरेमा रजिष्ट्रारले जांचबुझ गरी मनासिब देखिए उचित हर्जाना दिने गरी सो रचनाको प्रकाशन वा प्रदर्शन गर्ने अरूलाई इजाजत पत्र दिन सक्नेछ ।

तर-सो बमोजिम इजाजतपत्र पाउने व्यक्तिले त्यस्तो हर्जानाको रकम नबुझाएसम्म सो रचनाको प्रकाशन वा प्रदर्शन गर्न हुंदैन ।

(२) कुनै रचनाको प्रतिलिपि अधिकार प्राप्त व्यक्तिले सर्वसाधारण जनताको हितको लागि रेडियोद्वारा प्रसार गर्न वा कुनै पाठ्यपुस्तकको संग्रह तयार गर्नको लागि रचनाको आवश्यक अंश प्रकाशित गर्न इजाजत दिन इन्कार गरेमा रजिष्ट्रारले जांचबुझ गरी मुनासिब देखिए बिनाहर्जाना त्यस्तो प्रसार वा प्रकाशन गर्ने इजाजत दिन सक्नेछ ।

१२. अनुवादको निमित्त इजाजत दिनेः– (१) यस ऐन बमोजिम प्रतिलिपि अधिकार दर्ता भएको जुनसुकै रचनालाई नेपाली भाषामा अनुवाद गरी प्रकाश गर्नको लागि देहायका अवस्थामा रजिष्ट्रारको अफिसमा तोकिएको ढांचामा तोकिएको कुराहरू खुलाई दरखास्त दिन सकिनेछः–

(क) प्रतिलिपि अधिकार प्राप्त व्यक्तिले सो रचना प्रथम पटक प्रकाशित भएको मितिले सात वर्षभित्र नेपाली भाषामा त्यसको अनुवाद प्रकाशित गरेको रहेनछ वा प्रकाशित भए पनि धेरै अवधिदेखि त्यसको प्रकाशन बन्द भै सकेको रहेछ वा सर्वसुलभ रूपमा प्राप्त रहेनछ भने, र

(ख) अनुवादकले प्रतिलिपि अधिकार प्राप्त व्यक्तिसंग इजाजत माग्दा निजले इजाजत नदिएको वा निज फेला पर्न नसकेको भए ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप–दफा (१) बमोजिमको दरखास्त पर्न आएमा रजिष्ट्रारले दरखास्त दिने व्यक्तिले रचनाको ठीक अनुवाद र प्रकाशन गर्न सक्ने वा नसक्ने र प्रतिलिपि अधिकार प्राप्त व्यक्तिलाई दिन पर्ने हर्जाना दिन सक्ने वा नसक्ने कुरा समेत विचार गरी इजाजत पत्र दिन सक्नेछ । तर त्यस्तो इजाजतलाई अनुवादको एकाधिकार इजाजत मानिने छैन ।

(३) उप–दफा (१) बमोजिम दुई वा दुईभन्दा बढी व्यक्तिहरूको दरखास्त परेमा जसले अनुवाद राम्रो र ठीक तरीकाले गरी कम्ती मूल्यमा जनतामा बिक्री वा वितरण गर्न सक्ने देखिन्छ उसैलाई रजिष्ट्रारले इजाजत पत्र दिन सक्नेछ ।

(४) उप–दफा (१) अन्तर्गत अनुवादको लागि इजाजत माग्न दरखास्त दिंदा दरखास्तवालाले आफ्नो दरखास्तसाथ सो रचनाको अनुवादको प्रस्तावित फूटकर मूल्यको हिसाबले जम्मा मूल्यको कम्तीमा सात प्रतिशत वा सात सय रुपैयांमा जुन बढी हुन्छ सो रकम धरौटी राख्नु पर्दछ र निजलाई त्यस्तो इजाजत दिने ठहर भएमा समितिको राय लिई रजिष्ट्रारले तोकिदिएको रकम तोकिदिएको तरीकाले प्रतिलिपि अधिकारका धनीलाई बुझाउने कबूलियत इजाजत पत्र दिनु भन्दा अगावै निजबाट गराउनु पर्छ ।

१३. सार्वजनिक प्रदर्शनको लागि इजाजत दिने:– यस ऐन बमोजिम प्रतिलिपि अधिकार दर्ता भएको कुनै रचना कुनै खास स्थानमा कुनै व्यक्तिले सार्वजनिक प्रदर्शन गर्ने इजाजतको निमित्त दरखास्त दिएमा र त्यस्तो प्रदर्शन सर्वसाधारण जनताको हितको लागि आवश्यक छ भन्ने रजिष्ट्रारलाई लागेमा सो लाग्नाको कारण स्पष्ट खोली आवश्यक शर्त बन्देज तोकी त्यस्तो प्रदर्शनको निमित्त सामान्य वा विशेष इजाजत दिन सक्नेछ । यस्तो इजाजत दिइएको सूचना रजिष्ट्रारले प्रमुख पत्र पत्रिकामा प्रकाशित गर्नुपर्छ ।

१४. सार्वजनिक पुस्तकालयको निमित्त इजाजत:– यस ऐन बमोजिम प्रतिलिपि अधिकार दर्ता भएको कुनै रचना बिक्रीको रूपमा प्राप्त छैन भन्ने कुरामा रजिष्ट्रारलाई चित्त बुझ्ने प्रमाण पेश गरी कुनै मान्यता प्राप्त सार्वजनिक पुस्तकालयले सो रचना पुस्तकालयमा राख्नको निमित्त प्रतिलिपि तयार गर्ने अनुमति मागेमा रजिष्ट्रारले सो रचनाको सम्पूर्ण वा कुनै खास भाग पुस्तकालयमा राख्ना निमित्त प्रतिलिपि तयार गर्ने इजाजत दिन सक्नेछ ।

परिच्छेद-६

अनाधिकार प्रकाशन र सजायं

१५. अनाधिकार प्रकाशनमा प्रतिबन्ध:– (१) यस ऐन बमोजिम प्रतिलिपि अधिकार प्राप्त व्यक्ति वा रजिष्ट्रारको इजाजत प्राप्त नगरी वा इजाजत प्राप्त गरेको भए तापनि कबूलियत वा इजाजत पत्रमा उल्लेख भएको शर्त बन्देजहरूको उल्लंघन गरी कुनै रचनाको प्रतिलिपि तयार गरी आर्थिक लाभ उठाई वा नउठाई प्रकाशित गरेमा त्यस्तो प्रकाशनलाई अनाधिकार प्रकाशन मानिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर निम्नलिखित अवस्थामा कुनै रचनाको प्रकाशनलाई अनाधिकार प्रकाशन मानिने छैनः–

(क) निजी अध्ययन, अनुसन्धान, आलोचना, समालोचना, पत्र पत्रिका, रेडियो वा अदालती कारवाईको निमित्त कुनै रचनाको उचित र आवश्यक अंश प्रकाशन गरेकोमा, वा

(ख) प्रकाशित नभएको कुनै रचनाबाट छोटो लेखहरू झिकी कुनै प्रकाशकले शैक्षिक संस्थाहरूका निमित्त प्रयोग गरिएको भनी रचनाको शीर्षक रचयिताको परिचय स्पष्ट उल्लेख गरी असल नियतले शैक्षिक संस्थाहरूको निमित्त प्रकाशित गरेकोमा ।

(२) कसैले कुनै रचनाको प्रकाशन अनाधिकार प्रकाशन हो भन्ने थाहा पाउंदा पाउंदै वा विश्वास गर्ने पर्याप्त कारण हुंदा हुंदै त्यस्तो अनाधिकार प्रकाशित प्रतिलिपिलाई विक्री वा वितरण गर्न, बालगिरिमा दिन, प्रदर्शन गर्न वा त्यस्तो कुनै कामको निमित्त राख्न वा अन्य कुनै प्रकारले त्यस्को प्रचार वा प्रसार गर्न हुंदैन ।

१६. अनाधिकार प्रतिलिपिको पैठारीमा प्रतिबन्धः– कुनै रचनाको प्रतिलिपि नेपाल अधिराज्य बाहिर तयार गरिएको रहेछ र सो प्रतिलिपि नेपाल अधिराज्यभित्र तयार गरिएको भए अनाधिकार प्रकाशन ठहरिने रहेछ भने त्यस्तो अनाधिकार प्रतिलिपिलाई नेपाल अधिराज्यभित्र पैठारी गर्नु हुंदैन ।

तर-व्यक्तिगत उपयोगको लागि एक प्रतिसम्म पैठारी गरेमा यो दफा उल्लंघन गरेको मानिने छैन ।

१७. अनाधिकार प्रकाशन गरेकोमा दण्ड सजायंः– (१) कुनै रचनाको अनाधिकार प्रकाशन गर्ने व्यक्तिलाई रु. १००।– एकसय रुपैयांदेखि रु. ५००।– पांचसय रुपैयांसम्म जरिवाना र चौथो पटकदेखि पटकै पिच्छे छ महीना कैदको सजायं हुनेछ र सो बमोजिम प्रकाशित भएको प्रतिलिपिहरू समेत जफत हुनेछ ।

(२) कसैले दफा १५ को उप-दफा (२) को उल्लंघन हुने गरी कुनै काम गरेमा प्रतिलिपि अधिकार प्राप्त व्यक्तिले त्यसबाट आफूलाई भएको नोक्सानीको भरिभराउ गरी लिन सक्नेछ ।

तर-त्यस्तो रचनाको प्रतिलिपि अधिकार यस ऐन बमोजिम दर्ता भएको रहेछ भन्ने कुरा थाहा थिएन वा थाहा हुने मुनासिब माफिकको कुनै कारण वा अवस्था त्यस बखत थिएन भन्ने कुरा प्रमाणित गर्न सकेमा त्यस्तो अनाधिकार प्रकाशन गर्ने व्यक्तिले नोक्सानी भरिभराउ गरिदिनु पर्दैन । अनाधिकार प्रकाशन भएको प्रतिलिपिसम्म जफत गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८. अनाधिकार प्रतिलिपि पैठारी गरेमा सजायः– कसैले दफा १६ को उल्लंघन गरी कुनै रचनाको प्रतिलिपिहरू पैठारी गरेमा त्यस्तो प्रतिलिपिहरू जफत गरी निजलाई रु. १००।– एकसय रुपैयांदेखि रु. ५००।– पांचसयसम्म जरिवाना हुनेछ र त्यस्तो पैठारीबाट प्रतिलिपि अधिकार प्राप्त व्यक्तिले आफलाई भएको नोक्सानीको बिगो समेत सो पैठारी गर्ने व्यक्तिबाट भराई लिन सक्नेछ ।

तर– सो रचनाको प्रतिलिपि अधिकार यस ऐन बमोजिम दर्ता भएको रहेछ भन्ने कुरा थाहा थिएन वा थाहा हुने मुनासिब माफिकको कुनै कारण वा अवस्था त्यस बखत थिएन भन्ने कुरा प्रमाणित गर्न सकेमा त्यस्तो अनाधिकार पैठारी गर्ने व्यक्तिले सो नोक्सानीको भरिभराउ गर्नु पर्दैन ।

१९. इजाजत पत्र बर्खिलाप काम गरेमा सजायः– कसैले दफा १० बमोजिम पाएको इजाजत पत्रको कुनै शर्त उल्लंघन गरेमा निजलाई रु. १००।– एकसय रुपैयांदेखि रु. ५००।– पांचसय रुपैयांसम्म जरिवाना हुनेछ र त्यस्तो इजाजत पत्र समेत बदर हुनेछ ।

२०. दर्ता किताबमा झुट्टा कुरा हुन जाने गरी कारवाई गर्न नपाइनेः– (१) प्रतिलिपि अधिकारको दर्ता किताबमा कुनै झुट्टा विवरण दर्ता हुने गरी कुनै व्यक्तिले जानी जानी कुनै काम कारवाई गरे गराएमा त्यस्तो व्यक्तिलाई रजिष्ट्रारले रु. १००।– एकसय रुपैयांदेखि रु. ५००।– पांचसय रुपैयांसम्म जरिवाना गर्न सक्नेछ ।

(२) कुनै व्यक्तिले रजिष्ट्रार वा यस ऐन बमोजिम कारवाई गर्ने कुनै अधिकारीलाई झुक्याई कुनै काम गराउने वा नगराउने नियतले कुनै झुट्टा विवरण दिए दिलाएमा त्यस्तो व्यक्तिलाई रजिष्ट्रारले रु. १००।– एकसय रुपैयांदेखि रु. ५००।– पांचसय रुपैयांसम्म जरिवाना गर्न सक्नेछ ।

२१. अन्य सजायः– कसैले यस ऐन अन्तर्गत बनेको नियममा लेखिएको अन्य कुनै कुराहरू उल्लंघन गरेमा त्यस सम्बन्धमा यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक निजलाई अवस्था हेरी रु. १००।– एकसय रुपैयांदेखि रु. ५००।– पांचसय रुपैयांसम्म जरिवाना हुन सक्नेछ ।

२२. रजिष्ट्रार उपर अपीलः– रजिष्ट्रारले दिएको कुनै आदेश वा निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र श्री ५ को सरकारमा अपील दिन सक्नेछ ।

परिच्छेद-७

विविध

२३. रजिष्ट्रारको अधिकारः– यो ऐन र यस ऐन अन्तर्गतका नियमहरूमा लेखिएको अधिकारका अतिरिक्त रजिष्ट्रारलाई अदालतले पाए सरहको निम्नलिखित अधिकारहरू हुनेछन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल गजेट

भाग २

श्री ५ को सरकार द्वारा प्रकाशित

खण्ड १५] काठमाडौं, भाद्र १४ गते २०२२ साल [अतिरिक्ताङ्क १४ (ख)

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीरविक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाई बक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारिको लागि प्रकाशित गरिएको छ ।

२०२२ सालको ऐन नं. १६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदाबली विराजमान-मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा-दक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

प्रतिलिपि अधिकार सम्बन्धी व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना:– सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न प्रतिलिपि अधिकार सम्बन्धमा समयानुकूल कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) कुनै व्यक्तिलाई हाजिर गराउने र धर्म भकाई जांचबुझ गर्ने,

(ख) कुनै लिखत खोजतलास गर्ने र पेश गर्न लगाउने, र

(ग) कुनै अड्डा अदालतबाट कुनै कागजको नक्कल वा रेकर्ड झिकाउने ।

२४. प्रतिलिपि अधिकार उल्लंघन भएमा उजूर गर्ने म्यादः– यस ऐन अन्तर्गत दर्ता भएको प्रतिलिपि अधिकारको उल्लंघन भएकोमा सो भएको मितिले ६ महीनाभित्रसम्ममा मात्र सो कुरामा उजूर लाग्न सक्नेछ ।

२५. सरकारी प्रकाशनको सम्बन्धमा व्यवस्थाः– श्री ५ को सरकारद्वारा प्रकाशित रचनाको सम्बन्धमा लिखत भए लिखत बमोजिम र नभएमा त्यस्तो प्रतिलिपि अधिकारको धनी श्री ५ को सरकार मानिनेछ । त्यस्तो रचना श्री ५ को सरकारले यस ऐन बमोजिम दर्ता गराइरहनु पर्नेछैन । त्यस्तो रचनाको सम्बन्धमा यो ऐन बमोजिम दर्ता भएको प्रतिलिपि अधिकार सरह यो ऐनका व्यवस्थाहरू लागू हुनेछन् ।

२६. समिति गठन गर्नेः– (१) प्रतिलिपि अधिकारका सम्बन्धमा श्री ५ को सरकार वा रजिष्ट्रारलाई सल्लाह दिन श्री ५ को सरकारले आवश्यकतानुसार समितिको गठन गर्नेछ ।

(२) उप-दफा (१) अन्तर्गत समिति गठन गर्दा श्री ५ को सरकारले सो समितिमा कला, साहित्य, विज्ञान, कानून इत्यादिका विशेषज्ञहरू समावेश गर्नेछ ।

(३) समितिका अध्यक्ष र सदस्यहरू श्री ५ को सरकारको इच्छानुसारको अवधिसम्म आफ्नो पदमा बहाल रहनेछन् र निजहरूले श्री ५ को सरकारले तोकिदिए बमोजिमको पारिश्रमिक पाउनेछन् ।

(४) समितिको काम, कर्तव्य, अधिकार र सुबिधा तोकिए बमोजिमको हुनेछ ।

२७. नियमहरू बनाउने अधिकारः– यो ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछ ।

लालमोहर सदर मिति २०२२।५।१४।२

आज्ञाले–
विनोदप्रसाद धिताल,
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।